नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालको

## करार सेवामा कर्मचारी लिने सम्बन्धी सूचना

सूचना नं. १/०८०-८१, प्रकाशित मितिः २०८१।०५।१४

चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७६ तथा अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ को अधिनमा रहि यस प्रतिष्ठानको मिति २०८१/०५/०४ को निर्णय बमोजिम यस अस्पतालमा तपसिल अनुसारको पद, तह र संख्यामा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन (मिति २०८१/०५/२१ गते) भित्र कार्यालय समयसम्म (दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वक अस्पतालको प्रशासन शाखा (पुरानो ओ.पि.डि. भवनको चौथो तला) मा दरखास्त आव्हान गरिन्छ ।

तपसिल

| विज्ञापन नं. | पद | तह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | राजश्व दस्तुर रु. |
|---|---|---|---|---|---|
| १/०८१-८२ | फार्मेसी सहायक | पाँचौ | १६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तिर्ण । | ६०० |

- अन्य विवरणहरुः

१. उमेरको हदः फार्मेसी सहायक पदमा १८ वर्ष पुरा भई दरखास्त दिने मितिको अन्तिम दिनसम्ममा ४५ वर्ष ननाघेको हुनुपर्ने ।

२. आवश्यक न्यूनतम योग्यता

(क) नेपाली नागरिक,

(ख) कुनै पनि फौजदारी अभियोगमा सजाय नपाएको,

(ग) अन्य प्रचलित कानुन बमोजिम अयोग्य नभएको।

३. छनौट विधिः लिखित र मौखिक परीक्षा ।

४. परीक्षा मिति, समय र स्थानः अस्पतालको Website **https://www.birhospital.gov.np** मार्फत पछि प्रकाशन गरिने छ।

५. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, माथि उल्लेखित आवेदन दिने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि (नवीकरण सहित) तथा चि.वि.रा.प्र., वीर अस्पतालको प्रभु बैकको खाता नं. ०२३०१३१४१४०००११ मा उल्लेखित राजश्व रकम जम्मा गरेको सक्कलै बैक भौचर सहित दरखास्त फाराम साथ संलग्न गरी बुझाउनु पर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयमले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

६. तोकिएको बमोजिमको शर्तहरु नपुगेका उम्मेदवारहरुको दरखास्त फाराम जुनसुकै बेला रद्ध हुनेछ ।

७. तलब स्केलः सम्बन्धित पद, तह अनुसारको नेपाल सरकारले तोकेको शुरु स्केल ।

८. दरखास्त फाराम लिने स्थान- चि.वि.रा.प्र., वीर अस्पतालको पुरानो ओ.पि.डि. भवनको चौथो तलाको कोठा नं. ४२२ वा वीर अस्पतालको Website **https://www.birhospital.gov.np** बाट दरखास्त फाराम डाउनलोड गर्न सकिनेछ ।

९. दरखास्त बुझाउने अन्तिम मिति,समय र स्थान : २०८१ भदौ २१ गते शुक्रवार दिनको ४:०० बजे सम्म । चि.वि.रा.प्र., वीर अस्पतालको पुरानो ओ.पि.डि. भवनको चौथो तलाको कोठा नं. ४२२ ।

१०. पाठ्यक्रमः लोक सेवा आयोगले सम्बन्धित पद तहको लागि निर्धारित पाठ्यक्रम बमोजिम हुनेछ ।

पदपूर्ती समिति
चि.वि.रा.प्र, वीर अस्पताल